नेपाल सरकार

गृह मन्त्रालय

# राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान

आर्थिक प्रशासन शाखा, महाराजगंज

## सिलबन्दी बोलपत्र/e-bid आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७४।१०।२१ गते ।

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगंजको लागि निम्न सामानहरु योग्य बोलपत्रदाताहरुबाट राष्ट्रियस्तरको खुला बोलपत्र/bid प्रकृया द्वारा खरिद गर्न निम्न उल्लेखित शर्तहरुको अधिनमा रहि रितपुर्वकको सिलबन्दी बोलपत्र वा (e-bidding) मध्ये कुनै एकको माध्यमबाट बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | सामानको नाम | परिमाण | ठेक्का संकेत नं. | बोलपत्र सम्बन्धि कागजातको दस्तुर रु. | बोलपत्र जमानत बापतको जम्मा रकम रु. | कार्यालयको लागत अनुमान मु.अ.कर बाहेक | कै. |
|---|---|---|---|---|---|---|---|
| १. | **Mini Press (Digital Printing Machine)** | १ थान | NPA/NCB/G/2074/075-02 | ३,०००।- | ८४,०००।- | २८,०५,३०९।७३ | |

१. योग्य बोलपत्रदाताहरुले बोलपत्र सम्बन्धि कागजातहरु राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान आर्थिक प्रशासन शाखा तथा कोष तथा लेखा नियन्त्रक कार्यालय भुक्तानि केन्द्र नं.३ लैनचौर काठमाडौंबाट सूचना प्रकाशित भएको मिती बाट ३०औ दिन सम्म लिखित निवेदन पेश गरि प्राप्त गर्न सकिनेछ। यस्तो निवेदनको साथमा कम्पनि/फर्म दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र तथा आ.व. २०७३।०७४ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र बोलपत्र सम्बन्धि कागजको दस्तुर माथि उल्लेख भए बमोजिम(फिर्ता नहुने गरी) पेश गर्नु पर्ने छ।

२. पुर्व बोलपत्र बैठक राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगंजमा मिति २०७४।११।११ गते १३.०० बजे बस्नेछ।

३. प्रथम पटक बोलपत्र सुचना प्रकाशित भएको मितिले ३१औ दिन अर्थात २०७४।११।२२ गते दिनको १२.०० बजे भित्र राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगंजमा सिलबन्दी बोलपत्र दर्ता गराई सक्नु पर्ने छ। ढिलो गरी प्राप्त बोलपत्र स्विकार गरिने छैन। तोकिएको समय भित्र दर्ता भएका बोलपत्रहरु उपस्थित हुन चाहेका बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा सोही दिनको १३.०० बजे राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगंजमा खोलिने छ। बोलपत्र खोल्ने समयमा बोलपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। दर्ता र खोलुवा हुने दिन बिदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन सोही स्थान र समयमा दर्ता वा खोलुवा गरिने छ।

४. सिलबन्दी बोलपत्र जमानत बापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय काठमाण्डौंको नाममा राष्ट्रिय बाणिज्य बैक ठमेल शाखामा रहेको धरौटी खाता नं.११००२०३ (कार्यालय कोड नं. २७-३१४-२८) मा जम्मा गरिएको सक्कल बैक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" बर्गको बाणिज्य बैकले यस प्रतिष्ठानको नाममा जारी गरेको बोलपत्र दाखिला गर्ने अन्तिम मिति देखि कम्तिमा १२० दिनको माथि उल्लेख भए बमोजिम रकमको चेक राईटर अंकित बैक ग्यारेन्टी (बिड बण्ड) पेश गर्नु पर्ने छ।

५. राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान लाई कुनै वा सबै बोलपत्रहरु कारण खुलाई वा नखुलाई, पुर्ण वा आंशिकरुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका र सशर्त पेश भएका बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

६. e-bidding मा भाग लिन बोलपत्रदाताहरुले बोलपत्रसाथ पेश गर्नुपर्ने कागजातहरु e-bidding portal www.bolpatra.gov.np/egp मा Original Scanned Copy PDF मा Upload गर्नु पर्ने छ । साथै बोलपत्र फारम दस्तुर बापतको रकम कार्यालय कोड नं. २७-३१४-२८ राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगंजको नाममा राजश्व शिर्षक नं. १४२२७ मा जम्मा गरि बैंक भौचरको Original Scanned Copy PDF मा Upload गर्नुपर्ने छ ।

७. बोलपत्रदाताले e-bidding मार्फत टेण्डर खोल्ने समयमा निजको e-bid दर्ता भएको नदेखिएमा यस कार्यालय जवाफदेही हुने छैन । e-submission गर्ने बोलपत्रदाताहरुले बोलपत्र खोलेको ७ दिन भित्र Hardcopy सम्बन्धित कार्यालयमा बुझाउनु पर्ने छ ।

८. एकै बोलपत्रदाताले सिलबन्दी बोलपत्र वा e-bidding मध्ये कुनै एक माध्यमबाट मात्र बोलपत्र पेश गर्न सक्नेछन । यदि दुवै प्रणाली प्रयोग गरि बोलपत्र पेश गरेमा त्यस्तो दुवै बोलपत्र स्वत रद्द हुनेछ ।

९. यो सुचना राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगंजको website: www.npa.nepalpolice.gov.np र सार्वजनिक खरिद अनुगमन कार्यालयको website: www.bolpatra.gov.np/egp समेत उपलब्ध छ ।
बोलपत्र सम्बन्धि सम्पुर्ण काम कारवाही सार्वजनिक खरिद ऐन, २०६३(पहिलो संसोधन सहित) र सार्वजनिक खरिद नियमावली २०६४(पाचौं संसोधन सहित) अनुसार हुनेछ ।